नेपाल सरकार मन्त्रीस्तर निर्णय : २०७६।४।२२ Final copy
२०७६।५।२२

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सेवा करारमा कृषि पशुसेवाप्राविधिक छनौट सम्बन्धी कार्यविधि-२०७६

**प्रस्तावनाः** कृषमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यावसायिक, दिगो एवं आत्म निर्भर कृषि क्षेत्रको विकास गर्ने सोच राखी कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट संचालन हुने गरी प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना दस्तावेज नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७३/०९/२६ को निर्णय अनुसार स्वीकृत भएको छ । स्वीकृत अस्थायी दरवन्दीमा खुल्ला प्रतिस्पर्धाबाट कृषि पशु सेवा प्राविधिक छनौट सम्बन्धी प्रकृया, कार्यविधि एवम् मूल्यांङ्कनका आधारहरु निर्धारण गर्न वान्छनिय भएकोले स्वीकृत बार्षिक कार्यक्रम संचालनका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सेवा करारमा कृषि पशुसेवा प्राविधिक छनौट सम्बन्धी कार्यविधि,२०७६"रहेकोछ,

(ख) यो कार्यविधिकृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृतभएको मितिवाट लागू हुनेछ ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) "कार्यविधि" भन्नालेप्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सेवा करारमा कृषि पशुसेवा प्राविधिक छनौट सम्बन्धी कार्यविधि, २०७६ लाई जनाउँछ ।

(ख) "परियोजना" भन्नालेप्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई जनाउँछ ।

(ग) "परियोजना व्यवस्थापन इकाइ" भन्नाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको व्यवस्थापन तथा संचालन गर्ने केन्द्रिय इकाईलाई जनाउँछ ।

(घ) "परियोजना इकाइ" भन्नाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका (जोन सुपर जोन) सम्भागका कार्यक्रमहरु संचालन गर्ने परियोजना कार्यान्वयन इकाईलाई जनाउँछ ।

(ङ) "जोन" भन्नाले व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्रलाई जनाउँछ ।

(च) "सुपर जोन" भन्नाले वृहत् व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्रलाई जनाउँछ ।

(छ) "परियोजना सम्भाग" भन्नाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत संचालित पकेट, ब्लक, जोन र सुपरजोनलाई जनाउछ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

(ज) "छनौट समिति" भन्नाले यस कार्यविधिको दफा ६ को उप दफा (३) अनुसार गठन भएको समितिलाई सम्झनुपर्छ ।

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् ।

(क) कृषि/पशुसेवा प्राविधिक सेवा करारमा लिने प्रक्रियामा एकरुपता ल्याई सरल, सहज र पारदर्शी बनाउने ।

(ख) परियोजनाको कार्य क्षेत्रमा कृषि र पशुसेवाको प्रसार सेवाको पहुँच बढाउने ।

(ग) परियोजनाको क्रियाकलापहरुलाई सहज ढंगबाट कार्यान्वयनमा सहयोग पुर्‍याउने ।

## परिच्छेद -२

## कृषि/पशु सेवा प्राविधिक सेवा करार लिने सम्बन्धी व्यवस्था

४. **सूचना प्रवाह गर्ने :**

(क) यस कार्यविधि अनुरुप अनुसूची (२) बमोजिमको काम, कर्तव्य र अधिकार बमोजिमको कार्य गर्न परियोजना व्यवस्थापन इकाईले राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त आवेदन माग गर्ने छ ।

(ख) कृषि/पशुसेवा प्राविधिकको न्यूनतम योगयता सार्वजनिक सूचनामा उल्लेख गरिने छ ।

५. **दरखास्त फारम पेशगर्ने :** (१) सूचनामा उल्लेख भए बमोजिमको न्यूनतम योग्यता भएका उम्मेदवारले सम्बन्धित परियोजना कार्यान्वयन इकाईमा तोकिएको म्याद भित्र तोकिएको ढाँचामा दरखास्त फराम पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पेश गर्ने उम्मेदवारको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(क) १८ बर्ष उमेर पुरा भएको नेपाली नागरिक ।

(ख) पुरुष उम्मेदवारको हकमा ३५ बर्ष र महिलाको हकमा ४० बर्ष ननाघेको ।

(ग) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सरकारी सेवाबाट बर्खास्त हुने सजाय नपाएको ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नभएको ।

(ङ) लोक सेवा आयोगले नेपाल कृषि सेवाका रा.प.अनं.द्वितीय श्रेणीको नायब प्राविधिक सहायक पदको लागि निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यता भएको ।



सचिव

(३) उपदफा (१) बमोजिम तोकिएको दरखास्त फारमको ढाँचा अनुसूची (१) अनुसार हुनु पर्ने छ र परिक्षा दस्तुर लोक सेवा आयोगबाट कृषि सेवाका रा.प.अनं. द्वितीय श्रेणीको नायब प्राविधिक सहायक पदको लागि तोके बमोजिम हुनेछ ।

६. **कृषि/पशु सेवा प्राविधिक सेवा करार गर्ने प्रकृया :** (१) लोक सेवा आयोग/कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्थायी पदपूर्ति नहुन्जेलसम्मको निमित्त बढीमा एक बर्ष (प्रत्येक आर्थिक बर्षको अषाढ मसान्तसम्म) को लागि सेवा करार लिन सकिने छ । सो अवधि भित्रै लोक सेवा आयोग/कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्थायी कर्मचारी आएमा सेवा करारमा लिएको कर्मचारी स्वतः हट्ने छन् । सेवा करारमा लिइएको कृषि/पशुसेवा प्राविधिकको कार्य सम्पादन सन्तोषजनक भएमा र सो अवधि भित्र लोक सेवा आयोग/कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्थायी कर्मचारी नआएमा परियोजना इकाईको आवश्यकता बमोजिम सेवा करारको अवधि थप गर्न सक्ने छ ।

(२) अन्य सेवा शर्त सेवा करार सम्झौता बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम कृषि/पशुसेवा प्राविधिक सेवा करार गर्न एक छनौट समिति रहने छ । छनौट समितिमा देहाय बमोजिम सदस्य रहने छन् ।

(क) प्रमुख, परियोजना कार्यान्वयन इकाई,
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना - संयोजक

(ख) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय - सदस्य

(ग) प्रमुखले तोकेको सम्बधित परियोजना इकाईको
अधिकृत वा कर्मचारी - सदस्य सचिव

(४) उपदफा (३) बमोजिमको छनौट समितिमा आश्यकता अनुसार बढीमा दुई जना बिषय विज्ञलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिने छ ।

(५) उपदफा (३) बमोजिमको छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

(क) लिखित परिक्षा संचालन गर्ने

(ख) लिखित परिक्षाको नतिजा प्रकाशन गर्ने ।

(ग) लिखित परिक्षामा सफल उम्मेदवारहरुको अन्तरर्वाता कार्यक्रम संचालन गर्ने ।

(घ) लिखित र अन्तरर्वाताको प्राप्ताङ्कको योगफल तयार गर्ने

(ङ) अन्तिम नतिजा प्रकाशन गरी परियोजना कार्यान्वयन इकाईमा सेवा करारको लागि सिफारिस गर्ने ।

(च) अन्तरवार्तामा स्थानीयलाई प्राथमिकता दिन सकिनेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

७. **नतिजा प्रकाशन :** (१) छनौट समितिले लिखित र अन्तर्वार्ताको प्राप्ताङ्कको आधारमा मुख्य र बैकल्पिक उम्मेदवारको योग्यताक्रम अनुसारको सूचि प्रकाशन गर्नेछ ।

(२) सिफारिस भएको मुख्य उम्मेदवार एक बर्षको सेवा अवधि भित्र कुनै कारण वस सेवा दिन नसकेको खण्डमा योग्यताक्रमको आधारमा बैकल्पिक उम्मेदवारसँग सेवा करारका लागि सम्झौता गर्न सकिने छ ।

८. **परीक्षा संचालन र प्रश्न पत्रको व्यवस्था :** (१) कृषि प्राविधिक सेवा करारको लागि लिइने परीक्षा प्रणाली लोक सेवा आयोगले नेपाल कृषि सेवाको रा.प.अनं. द्वितीय श्रेणीको नायब प्राविधिक सहायक पदको लागि निर्धारण गरेको पाठयक्रम तथा पूर्णाङ्क बमोजिम हुने गरि हुनेछ ।

(२) परीक्षा संचालनको लागि प्रश्नपत्र तयारी गर्ने जिम्मेवारी प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन इकाईको हुनेछ ।

(३) परीक्षा संचालनलाई नियमन, कोडिङ्ग/डि-कोडिङ्ग र नतिजा प्रकाशन गर्ने जिम्मेवारी छनौट समितिको हुनेछ ।

(४) सम्बन्धित परियोजना कार्यान्वयन इकाईले परीक्षा संचालन तथा नतिजा प्रकाशन कार्यमा लाग्ने प्रशासनिक खर्च स्वीकृत कार्यक्रम तथा वजेटको सीमासम्म गर्न सक्नेछ ।

परिच्छेद -३

## कृषि/पशु सेवा प्राविधिक पारिश्रमिक र दैनिक कार्य संचालन व्यवस्था

९. **पारिश्रमिक सम्बन्धी व्यवस्था :**

(क) यस कार्यविधि बमोजिम सेवा करार गरिएको कृषि/पशु सेवा प्राविधिकको पारिश्रमिक नेपाल कृषि सेवाको रा.प.अनं. द्वितीय श्रेणीको नायब प्राविधिक सहायक पदले पाउने शुरु तलब स्केल बराबरको पारिश्रमिक रकम मासिक रुपमा भुक्तानी गरिने छ । तर पारिश्रमिक रकम बार्षिक बजेट तथा स्वीकृत कार्यक्रममा व्यवस्था हुनु पर्ने छ ।

(ख) सुपरिवेक्षक अधिकृतबाट प्रमाणित हाजिरीको आधारमा परियोजना कार्यान्वयन इकाईबाट पारश्रमिक भुक्तानी गरिने छ ।

(ग) अन्य सेवा सुविधा सेवा करार सम्झौता बमोजिम उपलब्ध हुने छ ।

१०. **दैनिक कार्य संचालन र जवाफदेहीता सम्बन्धि व्यवस्था :**

(क) छनौट समितिको सिफारिसमा सम्वन्धित परियोजना कार्यान्वयन इकाईले सिफारिस गरिएका सफल उम्मेदवारहरुसँग सेवा करार सम्झौता गर्नेछ ।



सचिव

(ख) सम्झौताका सेवा शर्त अनुसार प्रमुखले कृषि/पशु सेवा प्राविधिकको काम, कर्तव्य र अधिकार अनुसार काम काज लागि खटाउन सक्ने छ ।

(ग) कृषि/पशु सेवा प्राविधिक परियोजना कार्यान्वयन इकाई र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना प्रति जवाफदेही हुनु पर्नेछ ।

(घ) कृषि/पशु सेवा प्राविधिकको कार्य सम्पादनको अनुगमन तथा मूल्याँङ्कन सम्बन्धित परियोजना कार्यान्वयन इकाईले गर्नेछ ।

(ङ) कृषि/पशु सेवा प्राविधिकको कार्यसम्पादन सन्तोषजनक नभएमा वा तोकिएको क्षेत्रमा उपस्थित भई सेवाग्राहीलाई सन्तोषजनक प्राविधिक सेवा दिन असमर्थ भएमा परियोजना व्यवस्थापन ईकाइको सहमतिमा परियोजना कार्यान्वयन इकाईले जुनसुकै बखत सेवा करार सम्झौता भङ्ग गर्न सक्ने छ ।

## परिच्छेद -४

## अन्य व्यवस्था

११. **अन्य व्यवस्था :**

(क) कृषि/पशु सेवा प्राविधिकको कार्य विवरणः कृषि/पशु सेवा प्राविधिकले सम्पादन गर्नु पर्ने कार्यविवरण अनुसूची (२) बमोजिम हुने छ ।

(ख) सुपरिवेक्षण, अनुगमन तथा मूल्याँङ्कनः कृषि/पशु सेवा प्राविधिकको कार्य सम्पादनको सुपरिवेक्षण, अनुगमन तथा मूल्याँङ्कन सम्वन्धित परियोजना इकाईले गर्ने छ ।

(ग) प्रचलित कानून लागू हुनेः यस कार्यविधिमा उल्लेख भएका बिषयका सम्बन्धमा यसै बमोजिम र अन्य उल्लेख नभएका विषयका लागि प्रचलित कानून बमोजिम हुनेछ ।

(घ) अन्तिम व्याख्याः यस कार्यविधिको बुझाईमा द्विविधा भएमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ ।

(ङ) अनुसूचीमा हेरफेर गर्न सक्नेः यस कार्यविधिमा संलग्न अनुसूचीहरु कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आवश्यकताका आधारमा परिमार्जन गर्न सक्ने छ ।

(च) खारेजी र बचाउः कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन तथा खारेजी गर्न सक्नेछ ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

| कार्यालय प्रयोजनका लागि |
|---|
| परिक्षार्थीको संकेत नं. : |
| रोल नं./विज्ञापन नं./सूचना नं. |
| ............/............./............... |

अनुसुची १
(मापडण्डको परिच्छेद २ दफा ५ सँग सम्बन्धित)
नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई........................................

| हालसालै खिंचेको पासपोर्ट साइजको पुरै मुखाकृत देखिने फोटो टास्ने र फोटो र फारममा पर्नेगरी उम्मेदवारले दस्तखत गर्ने |
|---|

## दरखास्त फारम

(खुला प्रतियोगितात्मक परीक्षाका लागि)

(क) उम्मेदवारले दरखास्त फारम भरेको पद सम्बन्धी विवरण

| | | | |
|---|---|---|---|
| १. विज्ञापन नं. : | २. खुला | ३. पद : | ४. श्रेणी/तह: |
| ५. परीक्षा केन्द्र: | | | |
| ६. खुल्ला प्रतियोगिताद्वारा पुर्ति हुने करार पदहरुमध्ये कानून बमोजिम आरक्षणको लागि तोकिएको समूहका उम्मेदवारहरुबीच मात्र प्रतिस्पर्धा गराउन भनी छुट्टाईएका पदहरुको पदपूर्तिका लागि भएका विज्ञापनमा दिनु भएको भए समूह चिन्ह (o) लगाउनुहोस् । | | क) महिला<br>ग) मधेसी<br>ङ) अपाङ्ग | ख) आदिवासी/जनजाति<br>घ) दलित<br>च) पिछडिएको क्षेत्र |

(ख) उम्मेदवारको वैयक्तिक विवरण

| | | | |
|---|---|---|---|
| उम्मेदवारको | नाम,थर | (देवनागरिकमा) | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | लिङ्ग : |
| | नागरिकता नं.: | जारि गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | क) जिल्ला : | ख) न.पा./गा.पा. | ग) वडा नं. |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | च) फोन नं. |
| पत्राचार गर्ने ठेगाना : | | | ई-मेल : |
| बाबुको नाम,थर : | | आमाको नाम,थर : | |
| बाजेको नाम,थर : | | पती/पत्नीको नाम,थर : | |
| जन्म मिति | (वि.सं.मा) | (ईस्वी सनमा) | हालको उमेर: वर्ष महिना |

(ग) शैक्षिक योग्यता/तालिम (दरखास्त फारम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

(घ) अनुभव सम्बन्धी विवरण (दरखास्त फारम भरेको पदको विज्ञापनको लागि अनुभव तथा विदाको विवरण आवश्यक भएमा मात्र उल्लेख गर्ने)

| कार्यालय | पद | सेवा/ समूह/ उपसमूह | श्रेणी / तह | स्थायी /अस्थायी /करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको विज्ञापनको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु। उम्मेदवारले पालना गर्ने भनी प्रचलीत कानून तथा यस दरखास्त फारमका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालन गर्न मञ्जुर गर्दछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | | |
|---|---|---|---|
| दायाँ | बायाँ | | उम्मेदवारको दस्तखत :<br><br>मिति : |
| कार्यालयको कर्मचारीले भर्ने | | | |
| रसिद/भौचर नं. | | | रोल नं. |
| दरखास्त अस्वीकृत भए सोको कारण : | | | |
| दरखास्त रुजु गर्नेको दस्तखत:<br>मिति : | | दरखास्त स्वीकृत /अस्वीकृत गर्नेको दस्तखत<br>मिति : | |

द्रष्टव्य: दरखास्तसाथ विज्ञापनमा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(२) समकक्षता तथा सम्बद्धता आवश्यक पर्नेमा सो को प्रतिलिपि
(३) विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि (तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि),
(४) आरक्षण प्रयोजनका लागि महिला, आदिवासी/जनजाती, मधेसी र दलित उम्मेदवारले आर्थिक र सामाजिक रुपमा पछाडी परेको भन्ने प्रमाणको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
काठमाण्डौ

# प्रवेशपत्र

हालसालै खिंचेको पासपोर्ट साइजको पुरै मुखाकृत देखिने फोटो टास्ने र फोटो र फारममा पर्नेगरी उम्मेदवारले दस्तखत गर्ने

| | |
|---|---|
| विज्ञापन नं. | |
| पद | |
| श्रेणी / तह | |
| परीक्षाको किसिम | |
| परिक्षा केन्द्र | |
| उम्मेदवारको | नाम थर :- |
| | दस्तखत :- |

उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु :–

१. परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ। प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन।

२. परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन।

३. लिखित परीक्षाको नतिजा प्रकाशित भएपछि अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनु अनिवार्य छ।

४. परीक्षा शुरु हुनु भन्दा ३० मिनेट अगाडि घण्टीद्वारा सूचना गरेपछि परीक्षा हलमा प्रवेश गर्न दिइनेछ। वस्तुगत परीक्षा शुरु भएको १५ मिनेट पछि र विषयगत परीक्षा शुरु भएको आधाघण्टा पछि आउने र वस्तुगत तथा विषयगत दुवै परीक्षा संगै हुनेमा २० मिनेट पछि आउने उम्मेदवारले परीक्षामा वस्न पाउने छैन।

५. परीक्षा हलमा प्रवेश गर्न पाउने समय अवधि (बुँदा नं. ४ मा उल्लेख गरिएको बितेको १० मिनेट पछाडि मात्र उम्मेदवारलाई परीक्षा हल बाहिर जाने अनुमति दिइने छ।

६. परीक्षा हलमा प्रवेश गरे पछि किताब, कापी, कागज, चिट आदि आफू साथ राख्नु हुँदैन। उम्मेदवारले आपसमा कुराकानी र संकेत समेत गर्नु हुँदैन।

७. परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्काशन गरी तुरुन्त कानून बमोजिमको कारबाही गर्नेछ र त्यसरी निष्काशन गरिएको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वतः रद्द भएको मानिने छ।

८. बिरामी भएको उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा आयोग जवाफदेही हुने छैन। ९. उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपले गर्नु पर्नेछ।

१०. आयोगले सूचनाद्वारा निर्धारण गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ।

११. उम्मेदवारले वस्तुगत परीक्षामा आफूलाई प्राप्त प्रश्न पत्रको "की" उत्तरपुस्तिकामा अनिवार्य रुपले लेख्नुपर्ने छ। नलेखेमा उत्तरपुस्तिका स्वतः रद्द हुनेछ।

१२. ल्याकत (आई.क्यू.) परीक्षामा क्यालकुलेटर प्रयोग गर्न पाइनेछैन।

१३. कुनै उम्मेदवारले प्रश्नपत्रमा रहेको अस्पष्टताको सम्बन्धमा सोध्नु पर्दा पनि परीक्षामा सम्मिलित अन्य उम्मेदवारहरुलाई वाधा नपर्ने गरी निरीक्षकलाई सोध्नु पर्नेछ।

कार्यालयको कर्मचारीले भर्ने :-

छनौट समितिबाट लिईने उक्त पदको परिक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमती दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनी यो अनुमति रद्द हुनेछ ।

परिक्षा केन्द्र :-

रोल नं. :-

...............................

अधिकृतको दस्तखत :-

द्रष्टव्य :-

१) कृपया उम्मेदवारले पालना गर्नु पर्ने नियमहरु हेर्नु होला ।


# प्रवेशपत्र

हालसालै खिंचेको पासपोर्ट साइजको पुरै मुखाकृत देखिने फोटो टास्ने र फोटो र फारममा पर्नेगरी उम्मेदवारले दस्तखत गर्ने

| | |
|---|---|
| विज्ञापन नं. | |
| पद | |
| श्रेणी / तह | |
| परीक्षाको किसिम | |
| परिक्षा केन्द्र | |
| उम्मेदवारको | नाम थर :- |
| | दस्तखत :- |

उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु :–

१. परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ। प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन।

२. परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन।

३. लिखित परीक्षाको नतिजा प्रकाशित भएपछि अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनु अनिवार्य छ।

४. परीक्षा शुरु हुनु भन्दा ३० मिनेट अगाडि घण्टीद्वारा सूचना गरेपछि परीक्षा हलमा प्रवेश गर्न दिइनेछ। वस्तुगत परीक्षा शुरु भएको १५ मिनेट पछि र विषयगत परीक्षा शुरु भएको आधाघण्टा पछि आउने र वस्तुगत तथा विषयगत दुवै परीक्षा संगै हुनेमा २० मिनेट पछि आउने उम्मेदवारले परीक्षामा वस्न पाउने छैन।

५. परीक्षा हलमा प्रवेश गर्न पाउने समय अवधि (बुँदा नं. ४ मा उल्लेख गरिएको बितेको १० मिनेट पछाडि मात्र उम्मेदवारलाई परीक्षा हल बाहिर जाने अनुमति दिइने छ।

६. परीक्षा हलमा प्रवेश गरे पछि किताब, कापी, कागज, चिट आदि आफू साथ राख्नु हुँदैन। उम्मेदवारले आपसमा कुराकानी र संकेत समेत गर्नु हुँदैन।

७. परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्काशन गरी तुरुन्त कानून बमोजिमको कारबाही गर्नेछ र त्यसरी निष्काशन गरिएको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वतः रद्द भएको मानिने छ।

८. बिरामी भएको उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा आयोग जवाफदेही हुने छैन।

९. उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपले गर्नु पर्नेछ।

१०. आयोगले सूचनाद्वारा निर्धारण गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ।

११. उम्मेदवारले वस्तुगत परीक्षामा आफूलाई प्राप्त प्रश्न पत्रको "की" उत्तरपुस्तिकामा अनिवार्य रुपले लेख्नुपर्ने छ। नलेखेमा उत्तरपुस्तिका स्वतः रद्द हुनेछ।

१२. ल्याकत (आई.क्यू.) परीक्षामा क्यालकुलेटर प्रयोग गर्न पाइनेछैन।

१३. कुनै उम्मेदवारले प्रश्नपत्रमा रहेको अस्पष्टताको सम्बन्धमा सोध्नु पर्दा पनि परीक्षामा सम्मिलित अन्य उम्मेदवारहरुलाई वाधा नपर्ने गरी निरीक्षकलाई सोध्न पर्नेछ।

कार्यालयको कर्मचारीले भर्ने :-

छनौट समितिबाट लिईने उक्त पदको परिक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मितलित हुन अनुमती दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनी यो अनुमति रद्द हुनेछ ।

परिक्षा केन्द्र :-

रोल नं. :-

...............................

अधिकृतको दस्तखत :-

द्रष्टव्य :-

१) कृपया उम्मेदवारले पालना गर्नु पर्ने नियमहरु हेर्नु होला ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

अनुसुची २

(परिच्छेद ४ को दफा ११ (क) सँग सम्बन्धीत)

## कृषि प्राविधिकको काम, कर्तव्य तथा अधिकार

कृषि प्राविधिकको काम, कर्तव्य तथा अधिकार निम्न बमोजिम हुनेछ ।

१) परियोजना कार्यान्वयन इकाई जोन/सुपरजोनको कार्यक्षेत्रमा रही कार्य गर्ने।

२) स्थानीय तह लगायत अन्य सरोकारवाला निकायसँग समन्वय गर्ने ।

३) संचालक समितिसँगको समन्वयमा परियोजनाको वार्षिक कार्यक्रम संचालनमा सहयोग गर्ने ।

४) स्थानीय आवश्यकता पहिचानका आधारमा कृषि प्रसार सेवा प्रवाह गर्ने ।

५) जोन/सुपरजोन क्षेत्रका आधारभुत तथ्यांक संकलन गर्ने एंव सो को प्रोफाइल तयारीमा सहयोग गर्ने ।

६) आकस्मिक वाली संरक्षाण सेवा प्रदान गर्ने र प्राविधिक सेवा प्रदानमा समन्वय गर्ने ।

७) कृषि विमा र सहुलियत कृषि कर्जाका लागि सहजिकरण गर्ने ।

८) स्थलगत कृषक तालिमका लागि सहजिकरण गर्ने ।

९) मासिक, चौमासिक र वार्षिक क्यालेण्डर तयार गरी कृषि सेवा उपलब्ध गराउने र प्रगति प्रतिवेदन परियोजना कार्यान्वयन इकाईमा पठाउने ।

१०) कार्यरत रहेको जोन/सुपरजोन अन्तर्गत रहेका स्थानीय श्रोत व्यक्ति र कार्यालय सहयोगीको कार्य सम्पादनको सुपरिवेक्षण र अनुगमन गर्ने।

११) अनुसन्धान पछि आएका नविनतम प्रविधिको जोन/सुपरजोन र कृषि ज्ञान केन्द्र सँगको समन्वयमा अनुशरण र प्रचार प्रसार गर्ने ।

१२) परियोजना कार्यान्वयन इकाई प्रमुखले तोके बमोजिमको अन्य कार्यहरु गर्ने ।

सचिव